# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ६)**  **सङ्ख्या : ४८**  **प्रकाशन मिति : २०८०/११/०२**

## भाग–२

## सिद्धिचरण नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/१०/२३

प्रमाणीकरण मितिः २०८०/१०/२५

**प्रस्तावनाः** बालबालिकाको हक तथा अधिकार, सुरक्षा, संरक्षण, सम्वर्द्धन र सहभागितामा अभिवृद्धि गरी बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन एवं बालमैत्री स्थानीय तहको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गर्न, बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, नेपाल संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्थालाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा ३ बमोजिम बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी सिद्धिचरण  नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ :**</u>

(१) यस कार्यविधिको नाम "सिद्धिचरण नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८०" रहेको ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रदेश समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका सम्झनु पर्छ ।

(च) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा

६० को उपदफा २ तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(ञ) "स्थानीय बाल अधिकार समिति" भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

### ३. नगर बाल अधिकार समितिको गठन :-

(१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र संवर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछः-

| | |
|---|---|
| (क) उपप्रमुख | अध्यक्ष |
| (ख) उपप्रमुखले तोकेको दुई जना वडा सदस्य महिला वडा सदस्य सहित | सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख | सदस्य |
| (घ) अस्पतालको चिकित्सक | सदस्य |
| (ङ) जिल्ला प्रहरी कार्यालय,महिला बालबालिका तथा ज्येष्ठ नागरिक केन्द्र | सदस्य |
| (च) प्रमुख / उपप्रमुखले तोकेको माध्यामिक विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (छ) महिला सहकारी संस्थाको प्रतिनिधि | सदस्य |
| (ज) नगर बाल क्लव समूहको अध्यक्ष सहित २ जना (बालक र बालिका) | सदस्य |
| (ञ) बाल अधिकारको क्षेत्रमा क्रियासिल गैसस प्रतिनिधि | सदस्य |
| (ट) अधिवक्ता (बाल न्यायका क्षेत्रमा कार्य गर्ने) | सदस्य |

(ठ) महिला बालबालिका तथा समाज कल्याण उपशाखा — सदस्य

(ड) स्थानीय सञ्चार कर्मी — सदस्य

(ढ) बाल कल्याण अधिकारी — सदस्य सचिव

२) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (झ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध विक्री वितरण तथा ओसार पसार, सम्पति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर, सङ्गठित अपराध, बालबालिका विरुद्धको कसुर, बाल अधिकार हनन वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

## ४. <u>नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार ः-</u>

(१) दफा ३ बमोजिम गठन हुने नगर बाल अधिकार समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दीर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समिक्षा गरी सुझाव दिने,

(ग) बाल अधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(घ) नगरपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारिरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र

नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुर्नस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं.१०९८ नेपाल सञ्चालन सेवा अभिवृद्धि जस्ता कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(च) बाल बालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित र निकायहरुमा पठाउने,

झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बाल संरक्षण तथा बाल अधिकार प्रबर्धनका लागि सञ्चालन हुने राष्ट्रिय/प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पती तथा व्यक्तिलाई नगरपालिकामा सुचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहयोग गर्ने,

(ठ) विशेष संरक्षणको आवश्यक्ता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(ड) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा

केन्द्र पुनस्थार्पना केन्द्र तथा सामाजीकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कार्बाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) नगरपालिकाभित्र सञ्चालित बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनस्थार्पना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिती र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन तथा टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउने

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सास्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन

(५) बाल गृह, बाल सुधार गृह, अस्थाई संरक्षण सेवा केन्द्र, पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन,

(६) उपखण्ड (५) मा उल्लिखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ कि छैन,

(७) बाल गृहमा आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालना गरेको छ वा छैन,

(९) उपलब्ध स्रोत साधनलाई मध्ये नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

(ण) तोकिए बमोजिमका अन्य कार्य ।

(२) नगर बाल अधिकार समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केहि अधिकार आवश्यक्ता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ५. <u>वडा बाल अधिकार समितिको गठन:</u>

नगरपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछः-

| | |
|---|---|
| (१) वडा अध्यक्ष | अध्यक्ष |
| (२) सम्बन्धित वडाको महिला वडा सदस्य | सदस्य |
| (३) वडाभित्रका स्वास्थ्य संस्थाको प्रतिनिधि | सदस्य |
| (४) वडा भित्रका सामुदायिक विद्यालयहरु वा संस्थागत विद्यालयहरु मध्येबाट वडा अध्यक्षले तोकेको एक जना प्र अ | सदस्य |

(५) बालबालिकाको क्षेत्रमा क्रियाशिल वडाभित्रका गैससबाट अध्यक्षले तोकेको प्रतिनिधि — सदस्य

(६) महिला संस्था वडा महिला सञ्जाल प्रतिनिधि — सदस्य

(७) वडा बाल सञ्जाल प्रतिनिधि — सदस्य

(८) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकिएको व्यक्ति — सदस्य

(९) सम्बन्धित वडाको वडा सचिव — सदस्य-सचिव

## ६. <u>वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकार:</u>

(१) बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(२) वडा भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने अद्यावधिक गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने ।

(३) वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ संस्था बाल क्लब लगायतका सरोकारवाला बीच आवश्यक समन्वय र सहकार्य गरि बाल अधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने गराउने ।

(४) बाल अधिकारको क्षेत्रमा स्थानीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।

(५) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकारका समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(६) वडा भित्र बाल अधिकार हनन् भएका घटनाका सम्बन्धमा सम्बन्धित निकाय सँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(७) आवश्यकता अनुसार बालबालिकाहरुकी निमित आकस्मिक सहयोगको व्यबस्था मिलाउने ।

(८) बाल अधिकारको सम्मान संरक्षण र प्रवर्द्रनका लागि वकालत गर्ने र वडठा समितिलाई बाल अधिकारका क्षेत्रमा आवश्यक सुचना दिने ।

(९) वडा भित्र बालबालिका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने र नगर काल अधिकार समिति समक्ष पठाउने ।

(१०) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

७. **<u>नगर वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** नगर बाल अधिकार समिति तथा वडा वाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ ।

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्छ ।

(२) अध्यक्षको निर्देशिनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) सदस्य सदस्य-सचिवले समितिको बैठक वस्ने सुचना सहित बैठकमा छलफल हुने विषयहरुकव सुचि सहित ३ दिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कार्य रहेका सदस्य सङ्ख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएका समितिको बैठकका लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ

(१०) समितिको बैठकमा अवश्यक्ता अनुसार विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

८. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:**

(१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरुमध्ये आवश्यक्ता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा ३ सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउँने भत्ता वा पारिश्रमिक वा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ।

(३) विविध स्थानीय बाल अधिकार समितिलाई अंग्रेजीमा **Locals Child Rights Board** भनिनेछ ।

**आज्ञाले,**

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत